# प्रेस विज्ञप्ति
## फाल्गुण ९, २०७९
## एन आई सी एशिया क्यापिटलको संचालक समितिको अध्यक्षमा सन्तोष कुमार राठीज्यू नियुक्त ।




एन आई सी एशिया क्यापिटल लिमिटेडको मिति २०७९/११/०८ मा सम्पन्न संचालक समितिको १२०औं बैठकको निर्णय बमोजिम मिति २०७९/११/०८ देखि लागु हुने गरि यस एन आई सी एशिया क्यापिटल लिमिटेडको संचालक समितिको अध्यक्षमा श्री सन्तोष कुमार राठीज्यूलाई नियुक्ति गरेको छ। एन आई सी एशिया बैंक लिमिटेडमा नायब प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत श्री सन्तोष कुमार राठीज्यूको बैंकिङ्ग क्षेत्रमा करिब २० वर्षको अनुभव रहेको छ। नवनियुक्त संचालक समितिका अध्यक्ष श्री सन्तोष कुमार राठीज्यूले हासिल गरेको लामो कार्यअनुभव तथा उच्च व्यवस्थापकिय क्षमताले गर्दा आगामी दिनमा क्यापिटलको समग्र व्यवसाय विस्तार र क्यापिटलबाट प्रदान गरिने सेवालाई सर्वोत्कृष्ट बनाई क्यापिटलले थप नयाँ उचाई चुम्ने विश्वास लिएका छौं।

यस एन आई सी एशिया क्यापिटलले आ.व. २०७९/०८० को दोश्रो त्रैमाससम्मा **रु.५ करोड ६१** लाख भन्दा बढी खुद मुनाफा आर्जन गरी प्रति शेयर आम्दानी **रु.५६.१०** कायम गर्न सफल भएको छ। क्यापिटल स्थापना भएको छोटो अवधिमा नै आ.व. २०७९/०८० को दोश्रो त्रैमास अन्त्यसम्म एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत ४ वटा बन्दमुखी र एउटा खुलामुखी योजना गरी जम्मा ५ वटा योजनाहरु संचालन गरिरहेको छ। साथै यस क्यापिटलद्धारा संचालित खुलामुखी योजना **"एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड" मा** Systematic Investment Plan (SIP)/ Systematic Withdrawal Plan (SWP) समेत संचालन गरिरहेको छ।

लगानी व्यवस्थापन सेवा अन्तर्गत "मेरो लगानी, मेरो भविष्य" भन्ने मूल नाराका साथ ग्राहकमुखी नवीनतम् योजनाहरु संचालन गरी आ.व. २०७९/०८० को पौष मसान्तसम्ममा ५८६ जना ग्राहकहरुबाट रु.१ अर्व ५६ करोड भन्दा बढी रकम संकलन गरी लगानी व्यवस्थापन सेवा उपलब्ध गराइरहेको छ। निक्षेप सदस्य सेवा अन्तर्गत पौष मसान्त, २०७९ सम्म ६ लाख ३० हजार भन्दा बढी डिम्याट खाता खोली ८४ वटा निक्षेप सदस्य कम्पनीहरु मध्ये पहिलो स्थान हासिल गर्न सफल भएको छ। क्यापिटलले मर्चेण्ट बैंकिङ्ग सेवा अन्तर्गत २०७९ साल पौष मसान्तसम्ममा १४ वटा कम्पनीको शेयर रजिष्ट्रार सम्बन्धी सेवा प्रदान गर्दै आइरहेको छ। साथै क्यापिटलले नेपाल धितोपत्र बोर्डबाट विशिष्टीकृत लगानी कोष संचालन गर्नको लागि स्वीकृति प्राप्त गरिसकेको र विशिष्टीकृत लागनी कोष अन्तर्गतको योजना निकट भविष्यमा ल्याउन लागिएको व्यहोरा जानकारी गराइन्छ।

हाल क्यापिटलले आफ्नो सेवालाई सर्वसुलभ र प्रविधिको प्रयोग मार्फत ग्राहकहरु माँझ पुऱ्याउन डिम्याट तथा मेरो शेयर खाता खोल्ने, नविकरण गर्ने, SIP सहित खुलामुखी योजनाको इकाईको खरिद पूनखरिद र लगानी व्यवस्थापन सेवा समेत अनलाईन मार्फत लिन सकिने व्यवस्था मिलाएको छ। साथै आगामी दिनमा क्यापिटलबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई डिजिटलाईज रुपमा उपलब्ध गराउने रणनीति लिएको छ।

रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT खाता

मेरो लगानी, मेरो भविष्य